# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं, चैत २८ गते २०३४ साल [ संख्या ५१

श्री ५ को सरकार

**शिक्षा मन्त्रालयको**

**सूचना**

शिक्षा (चौथो संशोधन) नियमावली, २०३४

शिक्षा नियमावली, २०२८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

शिक्षा ऐन, २०२८ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम शिक्षा (चौथो संशोधन) नियमावली, २०३४ रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीमा परिच्छेद ३ ख. थपः मूल नियमावलीको परिच्छेद ३ क. पछि देहायको परिच्छेद ३ ख. थपिएको छः–

परिच्छेद ३ ख.

"१४ ङ. आर्थिक भार व्यहोर्ने विद्यालयको विद्यालय सहयोग समितिको गठन, काम, कर्तव्य र अधिकारः (१) सरकारी अनुदान नलिई विद्यालयको सम्पूर्ण

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खर्च व्यहोर्ने विद्यालय वा शिक्षकहरूको तलबको पच्चीस प्रतिशतसम्म सरकारी अनुदान लिई विद्यालयको अरू सम्पूर्ण खर्च आफै व्यहोर्ने विद्यालयको विद्यालय सहयोग समितिको गठन, काम, कर्तव्य र अधिकार यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले तोकेबमोजिम हुनेछ।"

—आज्ञाले—

नारायणप्रसाद राजभण्डारी

श्री ५ को सरकारको का. मु. स

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

528